International Student Emergency Relief Fund - Application Form 2020

# अन्तर्राष्ट्रिय विद्यार्थी आपतकालीन राहत कोष - आवेदन २०२०
(International Student Emergency Relief Fund - Application 2020)

## अन्तर्राष्ट्रिय विद्यार्थी आपातकालीन राहत कोष (International Student Emergency Relief Fund)

तपाईलाई आवेदन फाराम बुझ्न मद्दत गर्नको  हामीले **सन्दर्भ (रिफ्रेन्स) को लागि** आवेदन फारमको अनुवादित संस्करण उपलब्ध गराएका छौं । **तपाइँको आवेदनको लागि यो फारम प्रयोग नगर्नुहोस्।**

यदि तपाईं निजी शिक्षा संस्थामा अध्ययन गर्दै हुनुहुन्छ भने तपाईंले हाम्रो  Study Melbourne वेबसाइट मा रहेको (अंग्रेजी भाषाको) अनलाइन आवेदन फारम मार्फत अनलाइन आवेदन गर्न सक्नुहुनेछ।

आवेदन भर्नको लागि कम्प्युटर वा ल्यापटप प्रयोग गर्ने सल्लाह दिन्छौं।

कृपया नोट गर्नुहोस्: विश्वविद्यालय र TAFE विद्यार्थीहरू ले यो कोष पहुँच गर्न उनीहरूको शिक्षा संस्थासँग सम्पर्क गर्नुपर्दछ।

### आवेदन फारम भर्नु अघि तपाईंले के जान्नु आवश्यक छ?

आवेदन फारम पूरा गर्नु अघि कृपया प्रासंगिक  कार्यक्रम नियम र सर्तहरू पढ्नु होस्।

**आवेदक (प्रयोगकर्ता) दर्ता**
आवेदन फाराम "Save as Draft"  गर्न वा 'फारम बुझाउन' आवेदक Business Victoria मा प्रयोगकर्ताको रूपमा दर्ता भएको हुनुपर्छ ।

यदि तपाईं पहिले नै  Business Victoria मा प्रयोगकर्ताको रूपमा दर्ता भैसक्नु भएको छ भने तपाईंको आवेदन फाराम "Save as Draft"  गर्दा वा 'फारम बुझाउदा'  तपाईंलाई आफ्नो प्रयोगकर्ता नाम र पासवर्ड हाल्नु पर्ने हुन्छ।

यदि तपाईं  Business Victoria को प्रयोगकर्ताको रूपमा दर्ता हुनु भएको छैन भने, आवेदन फाराम "Save as Draft" गर्न वा 'फारम बुझाउन'  तपाईंको प्रयोगकर्ता नाम र पासवर्ड सिर्जना गर्न लगाईनेछ।

**गोपनीयता र व्यावसायीक गोपनीयता**
Department of Jobs, Precincts and Regions (DJPR) ले यस अनुदान कोषका लागि तपाईंको योग्यताको समिक्षा गर्न र तपाईंलाई तपाईंको आवेदन बारेमा सम्पर्क गर्न तपाईंको व्यक्तिगत जानकारी जस्तै तपाईंको नाम, भिसा स्थिति सम्बन्धी विवरणहरू, मान्यता प्राप्त भिक्टोरियाको शिक्षा संस्थामा भर्ना भएको र तपाईंको सम्पर्क विवरणहरू संकलन गर्नेछ। तपाइँको जानकारी DJPR ले सञ्चित गर्ने छ र 'गोपनीयता र आंकडा संरक्षण ऐन २०१४' र 'सार्वजनिक अभिलेख ऐन १९७४'  अनुसार व्यवस्थित गरिनेछ। थप जानकारीको लागि बिखण्डको  गोपनीयता नीति हेर्नुहोस्।

**आंकडा सुरक्षा र स्वामित्व**
तपाईंको मस्यौदा फाराम विभागीय कर्मचारीहरूले देख्न सक्छ तर तपाईंले फाराम नबुझाए सम्म विस्तृत रुपमा हेर्ने वा समिक्षा गरिने छैन। तपाईंले आफ्नो आवेदन 'सेभ' गरेपछि वा बुझाए पछि यो आवेदनको जानकारी बिखण्ड को सुरक्षित वातावरणमा पठाइन्छ।

**अनुदानको विवेकाधिकार**
यस आवेदनको समिक्षा गर्ने र अनुदानको अनुमोदनको कुनै पनि निर्णय गर्ने विवेकाधिकार  भिक्टोरिया राज्यको हुनेछ र यसका सम्बन्धित मन्त्रीहरू र बिखण्ड मार्फत  गरिनेछ।

**यस आवेदनबाट उत्पन्न हुने दावीहरूको लागि राज्य उत्तरदायी छैनन्।**
यस आवेदन र यसको समिक्षाको सिलसिलामा हुने कुनै पनि कार्य वा दाबीको लागि  भिक्टोरियाको राज्य  उत्तरदायी हुनेछैन।

### यस कार्यक्रमको बारेमा

भिक्टोरिया सरकारको अन्तर्राष्ट्रिय विद्यार्थी आपातकालीन राहत कोषको लागि आवेदन दिन तपाईंले रुचि दर्ता गर्नु भएकोमा धन्यवाद।

यो चुनौतीपूर्ण समयमा Study Melbourne मार्फत हामी तपाईंलाई सहयोग गर्न चाहन्छौं।

तपाईंले यो भुक्तानी पाउनको लागि सबै योग्यता मापदण्डहरू पूरा गर्नै पर्छ। तपाईंले अन्तर्राष्ट्रिय विद्यार्थी आपतकालीन राहत कोष योग्यता मापदण्डको लागि कार्यक्रम निर्देशिका हेर्न सक्नुहुनेछ।

यो आवेदन बुझाउँदा समिक्षा गर्नको लागि तपाईले राज्य र राष्ट्रमण्डल सरकार विखण्डहरूलाई आफ्ना विवरणहरू प्रदान गर्न सहमत हुनुहुन्छ। उपलब्ध गरिएका विवरणहरू 'गोपनीयता र आंकडा सुरक्षा ऐन २०१४' (भिक्टोरिया) को प्रावधान अनुसार सञ्चित गरिनेछ।

**यस फारमको बारेमा**

यो फारम भिक्टोरियाको **निजी उच्च (तृतीयक) शिक्षा संस्था (tertiary education provider)** मा भर्ना भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि हो। तपाईंको शिक्षा संस्था निजी उच्च (तृतीयक) शिक्षा संस्था हो कि होईन भनेर Study Melbourne को वेबसाइटमा हेर्न सक्नु हुन्छ।

यो फारम भिक्टोरियाको सार्वजनिक विश्वविद्यालय वा TAFE मा अध्ययन गरिरहेका अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि होईन। विश्वविद्यालय र TAFE मा अध्ययनरत विद्यार्थीहरूको लागि थप जानकारी https://www.studymelbourne.vic.gov.au/news-updates/international-studentemersncy-relief-fund/university-and-tafe मा उपलब्ध छ।

तपाईँले आफ्नो पहिचान प्रमाणित गर्ने विस्तृत जानकारी र कागजातहरू उपलब्ध गर्न आवश्यक छ र तपाईँले कोरोनाभाइरस (COVID-19) महामारीको कारण गुमेको रोजगारी वा आम्दानीले गर्दा भएको आर्थिक कठिनाइको पुष्टि गर्नुपर्ने हुन्छ।

तपाईंले आफ्नो आवेदन 'सेभ' गर्न सक्नुहुनेछ र पछि यसमा फर्कन पनि सक्नुहुन्छ।

हामी तपाईँको गोपनीयतालाई गम्भीर रूपमा लिन्छौं र संकलन गरिएका सबै जानकारीहरू हाम्रो गोपनीयता उद्घोषण अनुसार सञ्चित हुनेछन्।

**यस आवेदनको सर्तहरू**

| | |
|---|---|
| १. हामी अन्तर्राष्ट्रिय विद्यार्थी आपातकालीन राहत कोष भुक्तानीको लागी तपाइँको योग्यताको समिक्षा गर्न तपाइँले दिनु भएको विवरण जाँच गर्नेछौं।<br>म बुझ्छु कि मैले प्रदान गरेको जानकारी जाँच गरिनेछ। यदि जानकारी सही छैन भने मेरो आवेदन असफल हुनेछ। * | ☒ |
| २. म बुझ्छु कि यदि मैले सही जानकारी प्रदान गरेन वा अनुरोध गरिएको ढाँचामा अनुरोध गरिएका सबै कागजातहरू संलग्न नगरेमा, वा बाह्य पक्षले मेरो तर्फबाट आवेदन दिन्छ भने मेरो आवेदन असफल हुनेछ। * | ☒ |
| ३. म बुझ्छु कि मेरो आवेदन भिक्टोरियन सरकारद्वारा अनुगमन गर्न सक्छ र म निम्म कुराहरू प्रमाणित गर्नकालागि थप जानकारी प्रदान गर्न सहमत छु:<br>• म हाल भिक्टोरियामा बसिरहेको छु<br>• म आर्थिक कठिनाइको अनुभव गर्दैछु<br>• मैले कोरोनाभाइरस (COVID-19) महामारीको कारण रोजगारी वा तलब गुमाएको छ।* | ☒ |
| ४. म सहमत छु कि यदि मेरो आवेदन सफल छ भने मलाई पछि मूल्यांकन गर्न सर्वेक्षणमा खण्ड लिन सम्पर्क गर्न सकिन्छ। * | ☒ |
| ५. यस फारामलाई कसरी पुरा गर्ने भनेर बुझ्न मद्दत गर्ने जानकारी Study Melbourne वेबसाइटमा उपलब्ध छ।<br>मैले अन्तर्राष्ट्रिय विद्यार्थी आपातकालीन राहत कोष कार्यक्रम निर्देशका (दोस्रो स्ट्रिम) र आवेदन गाइड (दोस्रो स्ट्रिम) पढेको छु। * | ☒ |
| **६. म सँग मेरो आवेदनको समर्थन गर्न निम्न लिखित जानकारीहरू तयार छन्।**<br>• मेरो भर्नाको पुष्टि (Confirmation of Enrolment) को प्रतिलिपि<br>• मान्य विद्यार्थी भिसा वा ब्रिजिंग भिसा दिएको कागजात<br>• पाँच दिन भन्दा पुरानो नभएको VEVO भिसा विवरण जाँच<br>• आफ्नो राहदानी जानकारी पृष्ठको प्रतिलिपि | ☒ |

• मार्च देखि जुलाई २०२० भित्रको कुनै समयमा म तलबी रोजगारीमा थिए भनेर देखाउँने प्रमाणहरू
• रोजगारी वा तलब गुमेको कारण आर्थिक कठिनाई भएको देखाउने प्रमाणहरू
• तपाईंको नाममा रहेको तपाईंको अष्ट्रेलियाको बैंक खाताको विवरण

यदि तपाईंलाई यी कागजातहरू बुझ्नको लागि मद्दत चाहिन्छ भने कृपया आवेदन सहायता कागजात हेर्नुहोस् *

**खण्ड १: के तपाइँ आवेदन गर्न योग्य हुनुहुन्छ?**

**यो खण्डले योग्यता मापदण्ड अनुसार तपाइँको आवेदनको समिक्षा गर्नेछ। तपाइँको आवेदनको प्रक्रिया अगाडि बढाउन सबै योग्यता मापदण्ड पूरा गर्नु पर्छ।**

**भर्ना योग्यता**

मापदण्ड एक: **तपाईं भिक्टोरियाको एक निजी उच्च (तृतीयक) शिक्षा संस्था (tertiary education provider) मा भर्ना भएको अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ र तपाईं ३१ मार्च २०२० मा अध्ययनरत हुनुहुन्छ।**
हामी अब यो मापदण्डसँग सम्बन्धित जानकारी जाँच गर्नेछौं।

१.१ म भिक्टोरियामा सञ्चालन गर्ने निजी उच्च (तृतीयक) शिक्षण संस्थामा भर्ना भएको छु र मसँग म ३१ मार्च २०२० मा सक्रिय बिद्यार्थी रहेको देखाउने Confirmation of Enrolment (CoE) छ।
योग्य प्रदायकहरूको सूची यहाँ उपलब्ध छ* ☒ **हो** ☒ **होइन**

१.२ मेरो कोर्ष(कक्षा) सुरू मिति
(तपाईंको Confirmation of Enrolment अनुसार) *

१.३ मेरो कोर्ष(कक्षा)को अन्त्य मिति
(तपाईंको Confirmation of Enrolment अनुसार) *

१.४ कृपया ३१ मार्च २०२० सम्ममा भर्ना भईरहेको कोर्ष (कक्षा) को तपाईंको Confirmation of Enrolment (CoE) नम्बर लेख्नुहोस्:
(यो नम्बर तपाईंको Confirmation of Enrolment (CoE) को माथिल्लो दायाँ कुनामा छ। * — ८ अक्षरको हुनु पर्छ

१. ५ तपाईको भिक्टोरियाको शिक्षा संस्थाको नाम के हो (३१ मार्च २०२० सम्ममा)? *

१.६ कृपया तपाइँको Confirmation of Enrolment मा उल्लेखित शैक्षिक संस्थाको CRICOS नम्बर लेख्नुहोस्
(यो नम्बर अर्को खण्ड B मा छ शिक्षा संस्थाको नामसँगै) * — ५ अंक र अक्षर को हुन्छ (जस्तै: 11111A)

**तपाईंले यस फारामको समर्थन कागजात खण्डमा तपाईंको CoE को स्क्यान प्रतिलिपि संलग्न गर्नु पर्छ।**

**भिसा योग्यता**

**अब हामी तपाइँको भिसाको जानकारी जाँच गर्नेछौं। यो अनुदान हाल विद्यार्थी भिसामा रहेका अन्तर्राष्ट्रिय विद्यार्थीहरू वा हाल ब्रिजिंग भिसामा रहेका र विद्यार्थी भिसाको निबेदन बुझाई सकेकाहरूका लागि मात्र उपलब्ध हुन्छ।**

१.७ म सँग हालको विद्यार्थी भिसा वा ब्रिजिंग भिसामा (ब्रिजिंग भिसाको दुईवटा मान्य कोड उपलब्ध गराउनुहोस्) छ* - --एउटा छान्नुहोस्--

| | |
|---|---|
| १.८ कृपया तपाईंको भिसा नम्बर लेख्नुहोस्:<br>(यो तपाईंको VEVO रेकर्डमा हुन्छ। तपाईंको सहि भिसा नम्बर लेख्नु एकदम महत्त्वपूर्ण छ। तपाईँलाई कुन कागजात आवश्यक छ भनेर थाहा पाउन आवेदन निर्देशिका (दोस्रो स्ट्रिम) हेर्नुहोस्।) * | बीचमा खाली नराखी १३ अंकको संख्या |
| १.९ कृपया तपाईंको भिसा दिएको मिति लेख्नुहोस्: * | |
| १.१० कृपया तपाईंको भिसा समाप्ति मिति लेख्नुहोस्* | |
| १.११ तपाईंको राहदानीमा तपाईंको राष्ट्रियता के हो? * | --एउटा छान्नुहोस्-- |

**यदि तपाईं विद्यार्थी भिसामा हुनुहुन्छ भने तपाईंले यस फारामको समर्थन कागजात खण्डमा गृह मामिला विभागले जारी गर्ने विद्यार्थी भिसाको स्क्यानको प्रतिलिपि :प्राय)VEVO भिसा विवरण जाँच रेकर्ड ( संलग्न गर्नु पर्छ।**

**यदि तपाईं ब्रिजिंग भिसा बाहक हुनुहुन्छ भने, तपाईंले यस फारामको समर्थन कागजात खण्डमा निम्न कागजात संलग्न गर्नु पर्छ:**

- **तपाईंको ब्रिजिंग भिसा पाएको कागजातको प्रतिलिपि**
  **र**
- **गृह मामिला विभागबाट जारी गरिएको VEVO भिसा विवरण जाँच**

प्रतिलिपि हालसालको हुनुपर्छ र तपाईंको आवेदन दिनु **अघिको पाँच दिनको अवधि भित्र सिर्जना गरिएको** हुनुपर्दछ।
यहाँ क्लिक गरेर गृह मामिला विभागबाट तपाईंको VEVO रेकर्ड निकाल्न सकिन्छ।

| | |
|---|---|
| १.१२ कृपया तपाईंको हालको राहदानीबाट तपाईंको राहदानी नंम्बर लेख्नुहोस्* | |

**तपाईंले यस फारामको समर्थन कागजात खण्डमा तपाईंको हालको राहदानीको बायो-डाटा पृष्ठको स्क्यान प्रतिलिपि संलग्न गर्नु पर्छ।**

## स्थान (बसाई) योग्यता

**हामी अब तपाईंको हालको ठेगानाको जाँच गर्नेछौं।**

**यो भुक्तानी अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि हो जो हाल भिक्टोरिया, अष्ट्रेलियामा बस्छन् र हाल भिक्टोरियामा शारीरिक रूपमा अवस्थित छन्।**

**यदि तपाईं शारीरिक रूपमा अष्ट्रेलियामा अर्को ठाँउ/राज्यमा हुनुहुन्छ वा यदि तपाईं अर्कै देशमा हुनुहुन्छ भने तपाईंले यो भुक्तानीको लागि आवेदन दिन सक्नुहुन्न।**

| | | |
|---|---|---|
| १.१३ म भिक्टोरियामा अन्तर्राष्ट्रिय विद्यार्थीको रूपमा बस्छु। म हाल शारीरिक रूपमा भिक्टोरियामा बस्छु* | ☒ **हो** | ☒ **होइन** |
| १.१४ तपाईंको भिसा कागजात (जस्तै VEVO रकर्ड ) अनुसारको स्थान छान्नुहोस्। * | ☒ **अनशोर** | ☒ **अफशोर** |

## रोजगारी र कठिनाई योग्यता

**हामी अब तपाईँको वर्तमान रोजगारी र कठिनाइको अनुभवको जाँच गर्नेछौं।**

यो अनुदान अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि हो जो मार्च र जुलाई २०२०को अवधिमा भिक्टोरियामा कार्यरत थिए र कोरोनाभाइरस (COVID-19) महामारीको कारण आर्थिक कठिनाईको असाधारण परिस्थितिहरूको अनुभव गरेका छन्। ती कठिनाइको परिस्थिति निम्न कारण उत्पन्न भएको छ:

रोजगारीको घण्टामा अत्याधिक गिरावट वा व्यवसाय बन्द भएको कारण रोजगारी गुमाएको र अन्य आर्थिक स्रोतहरुबाट हराएको आय जुगाड गर्न असमर्थ छ।

१.१५ म मार्च, अप्रिल, मे, जुन वा जुलाई २०२० मा भिक्टोरियामा कार्यरत थिएँ * ☒ **हो** ☒ **होइन**

१.१६ तपाईंको रोजगारदाताको नाम के हो? * [ ]

१.१७ के तपाईं कर्मचारी भएर, करारमा वा दुबैको रूपमा काम गर्दै हुनुहुन्थ्यो? * [--एउटा छान्नुहोस्--]

**तपाईँलाई तलको खण्डमा समर्थन कागजातहरू संलग्न गर्नु पर्छ।**

| | | |
|---|---|---|
| १.१८ मैले आय गुमाएको छु र काम गर्ने घण्टामा कटौती वा रोजगारी गुमाएको कारणले कठिनाइ भोग्दै छु * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |
| १.१९ अर्को दुई हप्तामा मेरो आधारभूत जीवन खर्च भ्याउन मसंग, मेरो बचत सहित, पर्याप्त पैसा छैन् * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |
| १.२० मसँग तत्काल अन्य प्रकारहरूका वित्तीय सहायतामा पहुँच छैन् * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |
| १.२१ म आवश्यक भएमा थप जानकारी प्रदान गर्न सहमत छु। * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |

**अर्को खण्डले तपाईंलाई पहिले प्राप्त गरिसकेको सहयोग/समर्थनको बारेमा सोध्नेछ।**

| | | |
|---|---|---|
| १.२२ मैले मेरो समुदाय वा मसँग सम्बन्धित संगठनहरूबाट मलाई सहयोग हुने कुनै पैसा लिएको छैन् * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |
| १.२३ म सँग पर्याप्त superannuation (निवृत्तीभरण) छैन् वा मेरो यो विकल्प पहिले नै समाप्त भईसकेको छ * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |
| १.२४ मैले आफ्नो परिवारबाट, अष्ट्रेलियामा वा विदेशबाट, मेरो बाँच्नको खर्चहरू जुटाउन आर्थिक सहयोग प्राप्त गरेको छैन * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |
| १.२५ मलाई सहायता गर्न मसँगै बस्ने मानिसबाट मैले कुनै पैसा लिएको छैन् * | ☒ **सहमत छ** | ☒ **सहमत छैन्** |

१.२६
तपाई कुन उद्योगमा काम गरिरहनु भएको थियो? * [--एउटा छान्नुहोस्--]

**खण्ड २: विद्यार्थी विवरण**

## आवेदक जानकारी

**हामीलाई तपाईंको आवेदन प्रक्रिया अगाडि बढाउन मद्दतको लागि हामीलाई तपाईंको पहिचान जाँच गर्न तपाईंको केहि व्यक्तिगत विवरणहरू चाहिन्छ।**

सम्बोधन * (Contact.salutation) [--एउटा छान्नुहोस्--]

पहिलो नाम [ ]
(यो उही नाम हुनुपर्दछ जुन तपाईंको अष्ट्रेलिया आउँदाको राहदानीमा उल्लेख छ। ) *

थर: [ ]
(यो उही नाम हुनुपर्दछ जुन तपाईंको अष्ट्रेलिया आउँदाको राहदानीमा उल्लेख छ।) *

जन्म मिति * [ ]

ई-मेल: * [ ]

सम्पर्क फोन (अगाडि +६१ सहित) [अष्ट्रेलियाको फोन नम्बर]
(यो हाल भिक्टोरियामा हाल चलाईरहेको फोन नम्बर हुनुपर्दछ) *

**भिक्टोरियामा तपाईंको सम्पर्क ठेगाना**

| | |
|---|---|
| सडक ठेगाना: * | |
| शहर / उप-नगर: * | |
| पोष्ट कोड: * | भिक्टोरियाको पोष्टकोड |

**खण्ड ३: यो खण्ड ऐच्छिक हो। यस खण्डका जवाफहरू अनुदानको लागि तपाईंको योग्यताको मूल्यांकन गर्न प्रयोग हुँदैन।**

**यस कोरोनाभाइरस (COVID-१९) महामारीको समय हाम्रा अन्तर्राष्ट्रिय विद्यार्थी समुदायलाई सहयोग गर्न मद्दतको लागि तपाईं बारेमा केहि जान्न चाहन्छौं।**

**यो जानकारी ऐच्छिक हो। यसले अन्तर्राष्ट्रिय विद्यार्थी आपातकालीन राहत कोष मार्फत भुक्तानीको लागि गरेको तपाइँको आवेदनमा असर गर्दैन।**

कृपया मलाई Study Melbourne को मासिक ई-मेल समाचारपत्र पाउनको लागि थप्नुहोस्। यसले मेलबोर्न र भिक्टोरियामा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि नियमित जानकारी अवसरहरू उपलब्ध गराउने छ।

☒ **हुन्छ** ☒ **हुँदैन**

(Study Melbourne ले प्रत्येक महिना एक समाचार पत्र वितरण गर्दछ जस्मा भिक्टोरियाका अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई जानकारी, युक्ति र सुझावहरू समावेश हुन्छ।)

तपाईंले अन्तर्राष्ट्रिय विद्यार्थी आपतकालीन राहत कोषको बारेमा कहाँ थाहा पाउनु भयो ? कृपया तीन वटासम्म छनौट गर्नुहोस्

☒ शिक्षण संस्था
☒ शैक्षिक एजेन्ट
☒ क्लब वा समाज
☒ Study Melbourne को सामाजिक सञ्जाल
☒ Study Melbourne को ई-न्यूजलेटर
☒ मित्र वा परिवार
☒ फेसबुक
☒ इन्स्टाग्राम
☒ ट्विटर
☒ लिंक्डइन
☒ विच्याट
☒ वाईवो
☒ अन्य सामाजिक मिडिया
☒ प्रत्यक्ष-समय संवाद एप (जस्तै व्हाट्सएप, मेसेन्जर,
☒ भाइवर, विच्याट, टेलिग्राम
☒ SMS/text सन्देश
☒ टेलिभिजन
☒ इन्टरट फोरम
☒ समाचार

कोरोनाभाइरस (COVID-१९) महामारीको समयमा के-कस्ता प्रकारको सहयोग तपाईंले पहुँच गर्नु भएको छ।

--एउटा छान्नुहोस्--

अन्य (उल्लेख गर्नुहोस्) *

तपाईं यो सहायता पहुँच गर्न कहाँ जानुभयो?

☒ परिवार र साथीहरु
☒ शैक्षिक एजेन्ट
☒ शिक्षा संस्था

| | |
|---|---|
| | ☒ Study Melbourne Student Centre<br>☒ Study Melbourne वेबसाइट<br>☒ स्थानीय समुदाय संगठनहरू<br>☒ वाणिज्यदूतको कार्यालय<br>☒ मानसिक स्वास्थ्य सेवा<br>☒ वकिल<br>☒ उपभोक्ता मामिला भिक्टोरिया<br>☒ हाउसिंग भिक्टोरिया<br>☒ अन्य |
| अन्य (उल्लेख गर्नुहोस्) | |

तपाईंले अहिलेसम्म प्राप्त गरेको सहयोगको बारेमा केहि भन्न चाहनु हुन्छ?

| | |
|---|---|
| तपाई कस्तो प्रकारको आवासमा बस्नुहुन्छ? | --एउटा छान्नुहोस्-- |
| अन्य (उल्लेख गर्नुहोस्) * | |
| तपाईको विद्यार्थी भिसामा भिक्टोरियामा बसेको कति समय भयो? | --एउटा छान्नुहोस्-- |
| यदि तपाईंले अष्ट्रेलियामा  शैक्षिक एजेन्ट प्रयोग गर्नुभयो भने तपाईंको एजेन्टको नाम के हो? | |
| के तपाइँको तपाइँसँग बस्ने कुनै आश्रित ब्यक्तिहरू छन् (जस्तै, जोडी वा बच्चाहरू)? | ☒ **छ** ☒ **छैन्** |
| तपाईको अध्ययनको विषय के हो? | --एउटा छान्नुहोस्-- |

## खण्ड ४: अष्ट्रेलियाको बैंक खाता विवरण

**यदि तपाईंको आवेदन सफल भएमा तपाईंलाई अनुदान भुक्तानी गर्न तपाईंको अष्ट्रेलियाको बैंक खाता विवरण चाहिन्छ।**

| | |
|---|---|
| तपाईको अष्ट्रेलियाको बैंक खातामा के नाम छ?<br>यो खातावालको नाम हो, बैंकको नाम होईन। * | खातावालको नाम |
| BSB नम्बर * | ६ अंकको नम्बर (खाली ठाउँ नराखी) |
| खाता नम्बर * | अंकहरू (खाली ठाउँ नराखी) |
| **मैले मेरो अष्ट्रेलियाको बैंक स्टेटमेन्टमा मेरो BSB नम्बर र खाता नम्बर प्रमाणित गरेको छु र ती सहि छन् भनि पुष्टि गर्छु। *** | ☒ |

**खण्ड ५: समर्थन गर्ने कागजातहरू**

**नोट - सबै समर्थन कागजातहरू JPEG, PDF वा PNG ढाँचामा हुनुपर्दछ। अन्य फाईल ढाँचाहरू स्वीकार गरिने छैन्।**

**यो महत्त्वपूर्ण छ कि तपाईंले बुझाउनु पर्ने स्वीकार्य हुने खालको प्रमाणको लागि आवेदन (निर्देशिका) गाइड (स्ट्रिम दुई) हेर्नुहोस्। यदि तपाईंले सहि कागजातहरू संलग्न गर्नुहुन्न भने तपाईंको आवेदन प्रक्रियामा जानेछैन्।**

१. Confirmation of Enrolment (CoE)

तपाईंको CoE संलग्न गर्नुहोस् र तपाईंको विवरणहरू सही तरीकाले उल्लेख भएको जाँच गर्नुहोस्

| | |
|---|---|
| • कोर्श सुरू मिति (Qu १.२)<br>• कोर्शको अन्त्य मिति (Qu १.३)<br>• CoE नम्बर (Qu १.४)<br>• शैक्षिक संस्थाको नाम (Qu १.५)<br>• शैक्षिक संस्थाको CRICOS नम्बर (Qu १.६) *<br>आवेदन गाइडमा CoE को उदाहरण हेर्नुहोस्। | फाइल छान्नुहोस् कुनै फाइल छानेको छैन *(अधिकतम साईज ५ MB)* |
| २.१ मान्य विद्यार्थी भिसा कागजात वा ब्रिजिंग भिसा पाएको कागजात<br>तपाईको भिसाको वर्तमान जानकारी दिने कागजात बुझाउनु पर्छ।<br>यदि तपाइँ विद्यार्थी भिसामा हुनुहुन्छ भने, संलग्न गर्नुहोस्:<br>१. गृह मामिला विभागले जारी गरेको मान्य विद्यार्थी भिसा (प्राय: VEVO भिसा विवरण जाँच रेकर्ड)<br><br>यदि तपाईं ब्रिजिंग भिसा बाहक हुनुहुन्छ भने, तपाईंले संलग्न गर्नुहोस्:<br>१. तपाईंको ब्रिजिंग भिसा पाएको कागजातको प्रतिलिपि र<br>२. गृह मामिला विभागबाट जारी गरिएको VEVO भिसा विवरण जाँच<br><br>यदि तपाइँको VEVO भिसा विवरण जाँच रेकर्ड पाँच दिन भन्दा पुरानो छ भने आवेदन दिनु अघि गृह मामिला विभागको भिसा इन्टाईटलमेन्ट भेरिफिकेशन अनलाइन (VEVO) वेबसाइटबाट बाट नयाँ VEVO गर्नुहोस्।<br><br>तपाईंको भिसा विवरण कागजातमा निम्न कुराहरू देखाउनुपर्छ:<br>**१. देखिने अष्ट्रेलिया सरकारको क्रेस्ट वा लोगो वा URL ठेगाना**<br>**२. तपाईंको VEVO भिसा विवरण जाँच रेकर्डमा स्पष्ट रूपमा मिति छापेको र देखिएको हुनुपर्छ र यो मिति तपाईंको आवेदन पेश गरेको मिति भन्दा ५ दिनको अवधि भित्र सृजना भएको भन्ने देखिनु पर्छ (तपाईंको हालको स्थान अनशोरमा छ भनेर देखाउन)**<br>**३. तपाईको पूरा नाम**<br>**४. तपाईंको हालको स्थान (अनशोर)**<br>**५. तपाईंको भिसा नम्बर**<br>**६. तपाईंको भिसा / सबक्लास** | फाइल छान्नुहोस् कुनै फाइल छानेको छैन *(अधिकतम साईज ५ MB)* |

| | |
|---|---|
| **७. तपाईंको भिसा जारी मिति**<br>**८. तपाईंको भिसा समाप्ति मिति - बसाईको अवधि (३० जून २०२० पछि सम्म हुनुपर्छ) ***<br>**९. तपाईको विद्यार्थी भिसाको आवेदन प्रक्रियामा गईसकेको छ (ब्रिजिंग भिसा बाहकहरूका लागि)**<br>मान्य भिसा कागजातको उदाहरणको लागि **आवेदन गाइडमा हेर्नुहोस्।** | |
| **२.२. मान्य विद्यार्थी भिसा वा ब्रिजिंग भिसा कागजात**<br>यदि तपाइँ विद्यार्थी भिसामा हुनुहुन्छ भने, संलग्न गर्नुहोस्:<br>१. गृह मामिला विभागले जारी गरेको मान्य विद्यार्थी भिसा (प्राय: VEVO भिसा विवरण जाँच रेकर्ड)<br>यदि तपाईं ब्रिजिंग भिसा बाहक हुनुहुन्छ भने, तपाईंले संलग्न गर्नुहोस्:<br>१. तपाईंको ब्रिजिंग भिसा पाएको कागजातको प्रतिलिपि<br>र<br>२. गृह मामिला विभागबाट जारी गरिएको VEVO भिसा विवरण जाँच<br><br>यदि तपाईंले सहि कागजातहरू संलग्न गर्नुहुन्न भने तपाईंको आवेदन प्रक्रियामा जानेछैन्। | फाइल छान्नुहोस् कुनै फाइल छानेको छैन *(अधिकतम साईज ५ MB)* |
| **३. पासपोर्ट प्रतिलिपि**<br>**तपाईंको पासपोर्टको प्रतिलिपि संलग्न गर्नुहोस् (तपाईंको फोटो सहितको पृष्ठ) र तपाईंले उल्लेख गरेका यी विवरणहरू सही छ छैन जाँच गर्नुहोस्।**<br>**• पासपोर्टमा नाम (खण्ड २)**<br>**• पासपोर्टको राष्ट्रियता (Qu १.१२)**<br>**• पासपोर्ट नम्बर (Qu १.१३)**<br>**• जन्म मिति (खण्ड २) ***<br>**आवेदन गाइडमा पासपोर्टको उदाहरण हेर्नुहोस्।** | फाइल छान्नुहोस् कुनै फाइल छानेको छैन *(अधिकतम साईज ५ MB)* |
| **४. मार्च, अप्रिल, मे, जुन वा जुलाई २०२० मा रोजगारीको प्रमाण**<br>**देहाय मध्ये कुनै एक उपलब्ध गराउनुहोस्:**<br>**• पेस्लिप**<br>**• रोजगारी समाप्ती पत्र**<br>**• तपाईको रोजगारदाताको ईमेल**<br>**• बैंक विवरण**<br>**• बैंक लेनदेन रेकर्ड**<br>**• एक रोजगारदाता वा भाडादारी सम्बन्धि वकिल, सामुदायिक वकिल वा पेशेवर सल्लाहकारबाट समर्थन पत्र**<br>स्वीकार्य प्रमाणको प्रकारहरू बारेमा जान्न आवेदन निर्देशिका (दोस्रो स्ट्रिम) हेर्नु महत्त्वपूर्ण छ। *<br><br>रोजगारी तथा आर्थिक कठिनाई सम्बन्धि स्वीकार्य हुने खालको प्रमाणको बारे थप जानकारीको लागि आवेदन गाइड (निर्देशिका) हेर्नुहोस्। | फाइल छान्नुहोस् कुनै फाइल छानेको छैन *(अधिकतम साईज ५ MB)* |
| **५. रोजगारीको घण्टा घटेको वा रोजगारी गुमेको प्रमाण** | |

| | |
|---|---|
| देहाय मध्ये कुनै एक उपलब्ध गराउनुहोस्:<br>• पे-स्लिप<br>• रोजगारी समाप्ति पत्र<br>• तपाईको रोजगारदाताको ईमेल<br>• बैंक विवरण<br>• बैंक लेनदेन रेकर्ड<br>• एक पेशेवर सल्लाहकारबाट समर्थन पत्र *<br>रोजगारी तथा आर्थिक कठिनाई सम्बन्धि स्वीकार्य हुने खालको प्रमाणको बारे थप जानकारीको लागि आवेदन गाइड (निर्देशिका) हेर्नुहोस्। | फाइल छान्नुहोस् कुनै फाइल छानेको छैन *(अधिकतम साईज ५ MB)* |

## खण्ड ६: स्वीकृति र दाखिला

मैले जाँच गरें कि यस फारममा उल्लेख गरिएका सबै विवरण यहाँ संलग्न कागजातहरूमा बताईए अनुसार छन्। म बुझ्छु कि गलत विवरणले मेरो आवेदनको नतिजामा नराम्रो असर पार्न सक्छ * ☒

म:

१. प्रमाणित गर्नुहोस् कि म यो अनुप्रयोगमा नाम दिए अनुसार आवेदक हुँ र यो आवेदन मेरो आफ्नै तर्फबाट अन्तर्राष्ट्रिय विद्यार्थी आपतकालीन राहत कोषको अनुदान पाउन कार्यक्रम निर्देशिकाको सर्त बमोजिम बुझाएको छु।

२. प्रमाणित गर्छु कि यस आवेदनमा मैले प्रदान गरेको सबै जानकारीहरू सत्य र सहि छन्।

३. यस आवेदनमा मैले प्रदान गरेको जानकारी अन्य राज्य र राष्ट्रमंडल सरकारी विखण्डहरू र एजेन्सीहरू, विशेष गरी राष्ट्रमण्डल शिक्षा, शिप र रोजगारी विखण्ड (DESE) र राष्ट्रमंडल गृह मामिला विखण्डसँग खुलासा गर्न रोजगारी, परिसर र क्षेत्र बिखण्ड (DJPR) लाई अनुमति दिन्छु।

४. यस आवेदनमा उपलब्ध गराईएको जानकारीलाई र DESE को प्रदायक रेजिष्ट्रेसन तथा अन्तर्राष्ट्रिय प्रबन्धन प्रणालीमा राखिएको मेरो भर्ना सम्बन्धि जानकारी विरुद्ध जाँच गर्न DESE लाई अनुमति दिन्छु।

५. DESE लाई मेरो जानकारीको DESE प्रमाणीकरणको नतीजा DJPR सँग बाँड्न अनुमति छ।

६. बुझ्छु कि DJPR ले DESE प्रमाणीकरण अभ्यासको नतीजा मेरो आवेदनको जानकारी प्रमाणित गर्न र मेरो आवेदनको समिक्षा गर्न प्रयोग गर्छ।

७. बुझ्छु कि यदि मैले प्रदान गरेको कुनै पनि जानकारी गलत, असत्य वा भ्रमपूर्ण भएको फेला परेमा भुक्तानी भएको अनुदान रकम फिर्ता गर्न माग राखिनेछ र यो मामला सम्बन्धित कानूनी निकायमा पठाउन सकिन्छ र सजायहरू हुन सक्छ।

**आवेदक घोषणा**

म घोषणा गर्दछु कि म यो घोषणा प्रदान गर्न र यो आवेदन पेश गर्नका लागि यस आवेदनमा मनोनीत आवेदकको पक्षमा र तर्फबाट अधिकृत छु।

म बुझ्छु कि यदि यस आवेदनमा प्रदान गरीएको कुनै पनि जानकारी गलत वा भ्रामक पत्ता लागेमा अनुदान रकम फिर्ता गर्न माग गरिनेछ र यो मामला सम्बन्धित कानूनी निकायमा पठाउन सकिन्छ र सजायहरू हुन सक्छ।

म माथि उल्लेखित अन्तर्राष्ट्रिय विद्यार्थी आपतकालीन राहत कोष अन्तर्गत अनुदानको लागि मेरो योग्यता मूल्यांकन गर्न को उपलब्ध गरिएको जानकारीको प्रयोग गर्न म सहमत छु। मैले कार्यक्रम निर्देशिकाहरू पढेको छु र म बुझ्छु कि उपलब्ध गरिएको जानकारी गोपनीयता र डाटा सुरक्षा ऐन २०१४ (भिक्टोरिया) अनुरूप सञ्चित हुनेछ।

यो बाकसमा चिन्ह लगाएर म माथिको घोषणा गरिरहेको छु र यो अनलाईन फारममा उल्लेख गरिए अनुसार अनुदानका सर्तहरूमा सहमत छु * ☒

**यस आवेदन भर्ने व्यक्तिको पुरा नाम:**
(यो नाम तपाईं अष्ट्रेलिया आउन प्रयोग गरेको पासपोर्टमा भएको नाम र तपाईंको Confirmation of Enrolment मा भएको नाम एउटै हुनुपर्छ।) *

तपाईको आवेदन बुझाउनु भएकोमा धन्यवाद। हामी तपाईंलाई सकेसम्म चाँडो यसको नतिजा उपलब्ध गर्नेछौं। यस बीचमा कृपया Study Melbourne सँग जोडिरहनुहोस्। Study Melbourne यस चुनौतीपूर्ण घडीमा हाम्रा अन्तर्राष्ट्रिय विद्यार्थी समुदायको सहायता गर्नमा समर्पित छ।

* अनिवार्य भर्नु पर्ने क्षेत्रहरूको संकेत।

समाप्त